१६५ औं बैठक

आज मिति २०८३/०२/११ गते विहान १०:३० वजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री हरि प्रसाद शर्मा | सदस्य सचिव | |

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**<u>प्रस्तावहरुः</u>**

प्रस्ताव नं. १. खेलकुद समिति सम्बन्धमा ।
प्रस्ताव नं. २. योजना माग सम्बन्धमा ।
प्रस्ताव नं. ३. शिक्षक समायोजन सम्वन्धी गुनासा सम्बन्धमा ।
प्रस्ताव नं. ४. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. ५. आर्थिक सहयोग सम्बन्धमा ।

भिम बहादुर चन्द
नगर प्रमुख

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरुः**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको नगर खेलकुद विकास समितिका संयोजक शंकर सिह भण्डारीले मिति २०८२।११।०७ गतेदेखि २०८२।११।०९ गतेसम्म मेलौली नगरपालिका वडा नं. ४ मा सञ्चालित तेस्रो मेलौली नगरपालिका स्तरीय मेयर कप खुला पुरुष भलिवल प्रतियोगितामा पटक पटक अराजक गतिविधि गर्नुका साथै खेलकुदलाई भाड्ने गतिविधि समेत गरी नगर खेलकुद विकास समितिको अध्यक्ष पदको गरीमा र जिम्मेवारीलाई कुशलता पुर्वक बहन गर्न नसकेको र मर्यादा समेत कायम गर्न नसकेकाले निजलाई तीन दिनको म्याद राखी लिखित स्पष्टीकरण सोध्ने निर्णय पारित गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा सघन सहरी तथा भवन निर्माण आयोजना, बैतडीलाई बैतडी जिल्ला, मेलौली नगरपालिकामा एकिकृत सहरी पुर्वाधार विकास कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजनका लागि सम्वन्धित मन्त्रालय र विभागमा पहल गरिदिनका लागि अनुरोध गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको मिति २०८२।०१।२९ गतेको शिक्षक समायोजन सम्वन्धी निर्णयका सम्वन्धमा गुनासाहरु प्राप्त हुन आएकाले सो सम्वन्धमा रायसहितको प्रतिवेदन तयार पारी नगर कार्यपालिकामा पेश गर्ने जिम्मेवारी मेलौली नगर शिक्षा समितिलाई दिने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२।०९।०२ गतेको बैठकले विद्यालय समायोजन सम्वन्धमा गरेको निर्णय बमोजिम हुने गरी देहायका विद्यालयहरुलाई पुर्ण रुपमा समायोजन गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | साविकको विद्यालयको नामः | समायोजन भइ जाने विद्यालयको नामः | कैफियत |
|---|---|---|---|
| १ | श्री भुमिराज आ.वि., व्यौराडी,मेलौली-२,बैतडी | श्री धर्मघर मा.वि., दुर्गास्थान,मेलौली-२,बैतडी | |
| २ | श्री सुनौला आ.वि., तितावै,मेलौली-४,बैतडी | श्री विजयपुर मा.वि., तितावै,मेलौली-४,बैतडी | |
| ३ | श्री केदार आ.वि., नङरौं, मेलौली-१,बैतडी | श्री दुर्गा आ.वि., जर्कु,मेलौली-१,बैतडी | |
| ४ | श्री केदारेश्वर आ.वि., अम्तडी मेलौली-१,बैतडी | श्री गोपाञ्चल आ.वि., झुसिल, मेलौली-१,बैतडी | |
| ५ | श्री नवज्योती आ.वि., जिमिरा मेलौली-९,बैतडी | श्री विशालपुर मा.वि., विशालपुर,मेलौली-९,बैतडी | |

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका वडा नं. ८ मा रहेको श्री कमलपुर माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्र श्री लोकेन्द्र सिंह विष्टको राष्ट्रपति रनिङ शिल्डको तयारी गर्ने क्रममा लडेर हात भाँचिएकाले निजको उपचारार्थ यस मेलौली नगरपालिकाको चालु आ.व. २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको सि.नं. २९६ खर्च शिर्षक २२७११ नेपाल सरकार समानीकरण अनुदान स्रोत विविध खर्च (वडा नं. ८) कार्यक्रमबाट रकम रु. ४०,०००।- (अक्षेरुपी चालीस हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो ।

भिम बहादुर चन्द
नगर प्रमुख

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत